# डिलासैनी गाउँपालिका स्वयंसेवक परिचालन कार्यविधि, २०७९

डिलासैनी गाँउपालिका

डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी

# डिलासैनी गाउँपालिका स्वयंसेवक परिचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

डिलासैनी गाउँपालिकाको आ.व. २०७९/०८० को बजेट कार्यक्रम अनुसार गाउँपालिकाभित्र स्वयंसेवक परिचालन तथा स्वयंसेवक प्रवर्द्धन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणमा योगदान पुर्‍याउन व्यवस्था भए बमोजिम सोको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "डिलासैनी गाउँपालिका स्वयंसेवक परिचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले डिलासैनी गाउँपालिका स्वयंसेवक परिचालन कार्यविधि, २०७९ लाई बुझाउँछ ।

(ख) "कार्यकारी समिति" भन्नाले स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालन, कार्यान्वयन र नियमन सम्बन्धी निर्णयहरु गर्न दफा ६ बमोजिम गठित समितिलाई बुझाउँछ ।

(ग) "निर्देशक समिति" भन्नाले स्वयंसेवा तथा स्थानीय विकास युवा स्वयंसेवक सेवा सम्बन्धी नीतिगत मार्गदर्शन गर्न दफा ४ बमोजिम गठित समितिलाई बुझाउँछ ।

(घ) "प्राविधिक सहयोग" भन्नाले स्वयंसेवक परिचालन गरिने सहकारी, सामुदायिक, सरकारी निकायहरूबाट सम्पादन गरिने कार्यमा सहयोग पुर्‍याउने उद्देश्यबाट खटाइएका जनशक्तिबाट प्रदान गरिने सेवालाई जनाउँछ ।

(ङ) "प्राविधिक स्वयंसेवक" भन्नाले स्वयंसेवक सेवा अन्तर्गत परिचालित प्राविधिक क्षेत्रका स्वयंसेवकलाई जनाउँछ ।

(च) "शैक्षिक निकाय" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान, सीप दिने विद्यालय, महाविद्यालय तथा विश्व विद्यालयहरुलाई जनाउँछ ।

(छ) "संघ-संस्था" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएका संगठित संस्थालाई जनाउँछ ।

(ज) "सार्वजनिक सेवा" भन्नाले संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक रुपमा उपभोग गर्ने गरी व्यवस्था गरिएका सेवालाई बुझाउँछ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउँछ ।

(ञ) "स्वयंसेवक" भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई स्वयंसेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ र सो शब्दले यस कार्यविधि अनुरुप परिचालन गरिने स्वयंसेवकलाई समेत जनाउँछ ।

(ट) "स्वयंसेवा" भन्नाले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका क्षेत्रमा स्वस्फूर्त रूपमा प्रोत्साहन सुविधा लिई वा नलिई व्यक्तिगत वा संगठित रूपमा गरिने सेवालाई जनाउँछ ।

परिच्छेद -२

**<u>स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र</u>**

३. **<u>स्वयंसेवक परिचालनका उद्देश्य र आधार</u>** :-

(१) स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा दक्ष व्यक्तिबाट निश्चित अवधिका लागि सेवा लिने, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा सहजीकरण गर्न समुदायस्तरबाटै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ ।

(२) स्वयंसेवक सेवा अन्तर्गत देहाय बमोजिमका विषयक्षेत्रहरुसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिने छ :-

(क) स्वास्थ्य, शिक्षा, खेलकूद, महिला, किशोरकिशोरी, बालबालिका, ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा,

(ख) कृषि सेवा, पशु सेवा, वन र जडिबुटी, पर्यटन

(ग) वातावरण संरक्षण, प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन,

(घ) उद्यमशीलताको विकास, इन्जिनियरिङ तथा अन्य प्राविधिक क्षेत्रहरु,

डिलासैनी गाउँपालिका

(ङ) भौतिक पूर्वाधार निर्माण तथा मर्मत कार्य ।

(च) संस्कृति संरक्षण तथा प्रवर्द्धन ।

(छ) आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन,

(ज) कार्यकारी समितिले तोकेको अन्य क्षेत्रहरु ।

(३) स्वयंसेवक सेवा परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ :-

(क) गाउँपालिकाको प्रशासनिक संगठनबाट जनतालाई सेवा पुर्याउन आवश्यक देखिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

(ख) जनताको जीवनस्तरमा सुधार ल्याउनका लागि सरकारी स्तरबाट लगानी भई वा नभई उत्पादन क्षेत्रमा का र्यरत सहकारी संघ-संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(ग) सार्वजनिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(घ) स्वयंसेवक परिचालन गर्दा भौगोलिक तथा मानव विकास सूचकाङ्कको आधारमा पिछडिएको क्षेत्रहरुलाई प्राथमिकता दिने,

(ङ) समावेशी सिद्धान्त अवलम्बन गर्ने ।

(४) स्वयंसेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहाय बमोजिम रहनेछन्:-

(क) संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरु,

(ख) सहकारी तथा सामुदायिक संघ-संस्थाहरु,

(ग) शैक्षिक संघ-संस्थाहरु,

(घ) विकास साझेदार संघ-संस्थाहरु ।

(५) गाउँपालिकाका निकाय र संघ-संस्थाअन्तर्गत देहाय बमोजिम स्वयंसेवक परिचालन गरिनेछ :-

(क) सहकार्य गर्न इच्छुक संघ-संस्था गाउँपालिकामा सूचीकृत भई मागको आधारमा स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

डिलासैनी गाउँपालिका

(ख) वडा कार्यालय र टोल विकास समितिको मागको आधारमा स्वयंसेवक नियुक्त गरी खटाइनेछ,

(६) स्वयंसेवक परिचालन गर्ने निकायहरुले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः-

(क) खटिई आएका स्वयंसेवकहरुलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवकहरुको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने,

(ग) स्वयंसेवकहरुले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु सरल र सहज रुपमा उपलब्ध गराउने,

(घ) खटिई आएका स्वयंसेवकहरुलाई उपलब्ध अवसरहरुका आधारमा क्षमता तथा व्यक्तित्व विकासमा सहभागी गराउने,

(ङ) स्वयंसेवकहरुका पीरमर्का/ गुनासो सुनुवाई गर्ने ।

(च) स्वयंसेवक परिचालन गर्ने निकायले नियमित रूपमा पालिकामा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

परिच्छेद -३

## <u>संस्थागत व्यवस्था</u>

४. **निर्देशक समिति** : (१) स्वयंसेवा र स्वयंसेवक परिचालनको नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सहित २ जना - सदस्य

(घ) योजना शाखा (जनशक्ति हेर्ने) -सदस्य

(ङ) सामाजिक विकास शाखा -सदस्य सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विभिन्न शाखा तथा समितिका प्रतिनिधि र विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,

(ख) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) निर्देशक समितिले बैठक समबन्धी अन्य कार्यविधि आफैं तय गर्नेछ ।

**५.** **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा ४ बमोजिम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवा सम्बन्धी पालिका स्तरीय नीति तर्जुमा गर्ने,

(ख) कार्यकारी समितिले स्वयंसेवकको पद र सङ्ख्या निर्धारण सम्बन्धमा गरेको सिफारिसलाई औचित्य र आवश्यकता अनुसार निर्णय गर्ने,

(ग) स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने,

(घ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

**६.** **<u>कार्यकारी समितिको गठन</u>** : (१) स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) स्वयंसेवकीय कार्य गर्न इच्छुक व्यक्तिमध्येबाट गाउँपालिकाले मनोनयन गरेको १ जना - उपाध्यक्ष

(ग) स्वयंसेवकीय काम गर्ने गापामा सूचीकृत संघसंस्था मध्येबाट १ जना - सदस्य

(ख) शिक्षा/स्वास्थ्य/कृषि/पशु/पूर्वाधार/महिला बालबालिका शाखाबाट एक/एक जना -सदस्य

(घ) कानून अधिकृत प्रशासन शाखा -सदस्य

(ङ) रोजगार सेवा केन्द्र -सदस्य-सचिव

(२) कार्यकारी समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिले बैठक बोलाउने छ,

(ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) कार्यकारी समितिले बैठक समबन्धी अन्य कार्यविधि आफैं तय गर्नेछ ।

७. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>** : दफा ६ बमोजिम गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवक व्यवस्थापन कार्यलाई सहजीकरण गर्ने,

(ख) स्वयंसेवक परिचालनको विषयक्षेत्रहरुको निर्धारण र स्वयंसेवक परिचालनको तौरतरिका तयार गर्ने,

(ग) स्वयंसेवक परिचालनको क्षेत्रगत पद, सङ्ख्या निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराई सोको बाँडफाँड र वितरण गर्ने,

(घ) स्वयंसेवक परिचालन हुने क्षेत्र निकाय र कार्यालयको निर्धारण गर्ने,

(ङ) स्वयंसेवक छनौट तथा परिचालन र सूचीकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने,

(च) स्वयंसेवकको नियुक्तिको लागि तयार गरिएको सूची प्रकाशन गर्ने,

(छ) स्वयंसेवकको परिचालन कार्यविधि निर्धारण र म्यादथप सम्बन्धी निर्णय गर्ने,

(ज) स्वयंसेवकलाई दिइने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने,

(झ) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने ।

८. **<u>स्थानीय विकास स्वयंसेवक सेवाको कार्यक्षेत्र</u>** :(१) स्वयंसेवक परिचालन एवं स्वयंसेवकको प्रवर्द्धन गर्ने कार्य क्षेत्र देहाय बमोजिम रहनेछः-

(क) स्वयंसेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन,

(ख) स्वयंसेवकको प्रवर्द्धनको लागि सहकार्य तथा सूचना व्यवस्थापन,

(ग) स्वयंसेवा र समसामयिक विषयमा कार्यकारी समितिबाट स्वीकृति लिई अध्ययन-अनुसन्धान गर्ने,

(घ) प्रदेशमा स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथा संघ संस्थाहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

(२) स्वयंसेवक सेवाले स्वयंसेवक परिचालन र स्वयंसेवाको प्रवर्द्धन कार्यका लागि समान कार्यप्रकृति भएका संघ-संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ ।

डिलासैनी गाउँपालिका

परिच्छेद -४

## दरबन्दी संरचना, छनौट, नियुक्ति र पदस्थापन

९. **दरबन्दीको व्यवस्था** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकको दरबन्दी स्थानीय निर्देशक समितिले निर्धारण गरे बमोजिमको संख्यामा रहनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाकाले पद संख्या निर्धारण गर्दा पालिका निर्देशक समितिले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही गर्नेछ ।

१०. **स्वयंसेवकको लागि माग संकलन** : पालिकाले स्वयंसेवकको विषयक्षेत्र र पद समेत खुलाई स्वयंसेवक परिचालन गर्ने निकायबाट समय-समयमा माग संकलन गर्नेछ ।

११. **स्वयंसेवकको आवेदन सम्बन्धी व्यवस्था** : स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिका लागि तोकिएका विषयक्षेत्र र पदमा आवेदन दिन सक्ने व्यवस्था गरिनेछ ।

१२. **आवेदकको सूचीकरण** : (१) स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सूचीकृत गरिने छ । सामान्यतया सूचीकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सूचीकरणका लागि समय-समयमा सार्वजनिक सूचना मार्फत् जनाकारी गराइनेछ,

(ख) आवेदकले सूचीकरणका लागि आवेदन दिनुपर्नेछ,

(ग) एक पटक सूचीकृत भइसकेपछि दुई वर्षसम्म आवेदनको वैधता रहनेछ,

(घ) प्राप्त आवेदन छानविन/रुजु गरी सो उपर स्वीकृति/अस्वीकृतिको निर्णय हुनेछ,

(ङ) स्वीकृत आवेदनको विषयक्षेत्रगत/पदगत/योग्यतागत विवरण तयार गरिनेछ,

(च) स्वीकृत आवेदनको आधारमा आवेदकलाई सम्बन्धित पालिकामा सूचीकृत गरिनेछ,

(ज) पालिकागत सूची तयारी गर्दा नागरिकताको ठेगानालाई आधार मानिनेछ,

(झ) बसाइसराइ र वैवाहिक सम्बन्धको हकमा सोही अनुसार हुनेछ ।

१३. **स्वयंसेवक हुने योग्यताः** (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवकहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) सम्बन्धित आवेदकले तोकिएको विषयक्षेत्र र पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम योग्यता हासिल गरेको ।

**१४. <u>स्वयंसेवक छनौट तथा परिचालन</u>** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकको छनौट देहाय बमोजिमका आधारमा गरिनेछ :-

(क) स्वयंसेवक सेवामा प्राप्त आवेदनलाई सम्बन्धित विषयक्षेत्रको सम्बन्धित पदको उम्मेदवारले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशतको योग्यताक्रमका आधारमा,

(ख) स्वयंसेवक नियुक्तिका लागि आवेदन गर्ने व्यक्तिका लागि आवश्यकता अनुसार संचालन गरिने लिखित तथा मौखिक परीक्षा वा अन्तर्वार्ताको योग्यताक्रमका आधारमा,

(ग) सामाजिक समूह, भौगोलिक क्षेत्र र अपाङ्गताका आधारमा निर्धारण गरिने समावेशीताको भारको आधारमा,

(घ) स्वयंसेवाको कार्य प्रकृतिका आधारमा विपद् व्यवस्थापन, घोषित शहीद वा वेपत्ता परिवार, आवश्यक ठानी स्थानीय तहबाट सिफारिस भए आएको क्षेत्र, अल्पसङ्ख्यक वा लोपोन्मुख वा सीमान्तकृत जातजातिको प्रतिनिधित्व गराउनका लागि रोष्टरमा सूचीकृत मध्येबाट कार्यकारी समितिले अन्य आधार तोकेको आधारमा ।

**१५. <u>स्वयंसेवकको नियुक्ति</u>** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालिन हुने स्वयंसेवकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी समितिले पालिकाको आवश्यकता अनुसार स्वयंसेवकको नियुक्तिको निर्णय गर्नेछ,

(ख) नियुक्त भएका स्वयंसेवकलाई पालिकाले वडास्तरमा कार्यरत रहने गरी खटाउनेछ,

(ग) नियुक्तिपत्र दिँदा सामान्य अभिमुखीकरण कार्यक्रम गरी दिइने छ,

(घ) नियुक्तिका मितिले ७ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा अर्को उम्मेदवार नियुक्त गरिनेछ,

(ङ) कार्यावधि पूरा नभई एवं जानकारी नगराई सेवा छाडी जानेलाई छाड्नुपर्ने पर्याप्त र मनासिव कारण बाहेकको अवस्थामा बाँकी अवधिको लागि पुनः नियुक्त गरिनेछैन,

(च) नियुक्त भई काम सम्पन्न गरे पश्चात् मात्र अनुभवको प्रमाणपत्र दिइनेछ।

डिलासैनी गाउँपालिका

१६. **स्वयंसेवकको पदस्थापन** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवकको पदस्थापन देहाय बमोजिम हुनेछः-

(क) स्वयंसेवक सेवाबाट खटिई आएका स्वयंसेवकलाई सम्बन्धित आफ्नो कार्यक्षेत्रमा रहेका विषयक्षेत्रगत सेवा केन्द्र तोकी पदस्थापन गर्नेछ,

(ख) पदस्थापन पश्चात् स्वयंसेवक सम्बन्धित निकाय/कायार्लय/सेवा केन्द्रमा हाजिर हुन जानुपर्ने छ,

(ग) स्वयंसेवकले नियुक्तिपत्र बुझेको मितिले ७ दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने छ ।

१७. **स्वयंसेवकको अवकाशः** (१) कार्यकारी समितिले स्वयंसेवकलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछ :-

(क) दुई वर्षको कार्य अवधि पूरा भएमा,

(ख) खटाएको कार्यस्थलमा सूचना नदिई लगातार ७ दिनसम्म अनुपस्थित भएमा,

(ग) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

(घ) दफा २१ विपरित खराब आचरण प्रदर्शन गरेमा,

(ङ) खटिएको कार्यालयले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा र उक्त सिफारिस कार्यकारी समितिले उपयुक्त ठहर्‍याएमा ।

(च) अनुसूची -१ र २ बमोजिमका कार्यशर्तहरु सम्बन्धित कार्यशर्त गर्ने व्यक्तिले पूरा नगरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बाहेकको अवस्थाको कारणले अवकाश पाएमा निज उक्त सेवाको लागि पुनः नियुक्ति गर्न पाइने छैन ।

परिच्छेद -५

**सेवा, शर्त र सुविधा**

१८. **स्वयंसेवकको सेवा शर्त** :(१) स्वयंसेवकको अधिकतम सेवा अवधि कम्तिमा एक दिन देखि बढीमा दुई वर्षको हुनेछ ।

डिलासैनी गाउँपालिका

(२) कार्यकारी समितिले कार्य प्रकृतिका आधारमा आवश्यकता अनुसार उपदफा (१) बमोजिमको अवधिमा नबढ्ने गरी पुन: नियुक्त गर्न वा म्याद थप गर्न सक्नेछ ।

१९. **<u>स्वयंसेवकलाई दिइने सुविधा</u> :**(१) स्वयंसेवकलाई अनुसूची -१ बमोजिमको मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) स्वयंसेवकले पालन गर्नुपर्ने कार्यशर्तहरु अनुसूची -२ बमोजिम हुनेछ ।

(३) यो कार्यविधि बमोजिम नियुक्त स्वयंसेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा पालिका मार्फत पठाइनेछ ।

(४) दफा १४ को उपदफा (२) बमोजिम नियुक्त स्वयंसेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा पालिकाले स्वयंसेवक परिचालन गर्ने संस्था/कार्यलयले चौमासिक प्रतिवेदन पेश गरे पश्चात मात्र सम्बन्धित संस्थालाई भुक्तानी पठाउनु पर्नेछ ।

(५) स्वयंसेवकले आफूले गरेको मासिक प्रतिवेदन खटिएको कार्यालयलाई बुझाएपछि मात्र खटिएको संस्था/कार्यालयले मासिक निर्वाह भत्ता उपलब्ध गराउनु पर्नेछ ।

२०. **<u>स्वयंसेवकको लागि विदाको व्यवस्था</u> :** (१) स्वयंसेवकलाई देहाय बमोजिमका विदाहरुको सुविधा रहनेछ :-

(क) <u>घर विदा</u> : रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिन घर विदा,

(ख) <u>बिरामी विदा</u> : रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन बिरामी विदा,

(ग) <u>प्रसूति विदा</u> : सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन (महिला स्वयंसेवकको हकमा मात्र) प्रसूति विदा दिइनेछ । यो सुविधा २ वर्षको अवधिमा एक पटक मात्र उपलब्ध हुनेछ ।

(घ) <u>किरिया विदा</u> : आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन किरिया विदा,

(ङ) <u>बे-निर्वाह भत्ता विदा</u> : स्वयंसेवकले कुनै कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालिन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक-पटक गरी बढीमा ३० दिन सम्मको बे-निर्वाह भत्ता विदा ।

(२) <u>विदाको स्वीकृत</u> : स्वयंसेवकको विदाको स्वीकृत कार्यकारी समितिका अध्यक्ष वा सम्बन्धित कार्यालयको प्रमुखबाट हुनेछ । बे-निर्वाह भत्ता बिदाको स्वीकृत कार्यकारी समितिका अध्यक्षबाट हुनेछ ।

दिलाशैनी गाँउपालिका

(३) स्वयंसेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाइने छैन ।

(४) एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ।

परिच्छेद- ६

## विविध

२१. **स्वयंसेवकको आचरण** : स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकहरुको कार्य एवं जिम्मेवारीलाई मर्यादित एवं परिणाममुखी बनाउने उद्देश्यले स्वयंसेवकले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहनेछन् :-

(क) सेवाग्राही प्रति समान व्यवहार गर्ने,

(ख) समय पालन र नियमितता,

(ग) इमान्दर, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

(घ) सार्वजनिक र अन्य निकायहरुको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,

(ङ) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल् पुर्याउने काम गर्न नहुने,

(च) दलगत आस्था र सम्बद्धता राख्न नहुने,

(ङ) स्थानीय तहको विद्यमान नीतिको प्रतिकूल हुनेगरी व्यवहार नगर्ने ।

(च) नैतिक पतन तथा फौजदारी अभियोग लागि सरकारी सेवामा अयोग्य हुने भनी सजाय पाएको व्यक्ति ।

२२. **निःशुल्क स्वयंसेवा** : स्वयंसेवक सेवा निःशुल्क गर्न चाहने व्यक्ति वा संघ-संस्थाबाट आशयपत्र लिई पालिकाले खटाउन सक्नेछ ।

२३. **विशेष परिस्थितिमा स्वयंसेवकको परिचालन** :(१) कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकको माग भई आएमा कार्यकारी समितिले रोष्टरमा रहेका सम्बन्धित विषयका आवेदक मध्येबाट बढीमा तीन महिनासम्मका लागि स्वयंसेवक नियुक्त गरी काममा लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परिस्थितिमा स्वीकृत वार्षिक बजेट भित्र रही निर्देशक समितिको स्वीकृतिमा कुल दरबन्दीमा थप समेत हुनेगरी कार्यकारी समितिले स्वयंसेवक नियुक्त गर्न सक्नेछ ।

२४. **<u>अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>** : (१) स्वयंसेवक परिचालक निकाय तथा स्वयंसेवकको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवकले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक परिचालन गर्ने नियकायकाबाट गरिनेछ,

(ख) सम्बन्धित निकायबाट स्वयंसेवकले गरेका कार्यको अनुगमन भए/नभएको विषयमा पालिकाबाट आवश्यकता अनुरुप स्वयं वा तेस्रो पक्ष संलग्न गराई स्थलगत अनुगमन गर्नेछ,

(ग) स्वयंसेवक परिचालन गर्ने निकायहबाट कामको प्रकृति हेरी साप्ताहिक, मासिक त्रैमासिक र वार्षिक रुपमा अनुगमन प्रतिवेदन पालिकामा पठाउनु पर्नेछ,

(घ) देश विकास स्वयंसेवक सेवाअन्तर्गत परिचालित स्वयंसेवकले पेश गरेको प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा कार्यकारी समितिले गाउँसभामा पेश गर्नु पर्नेछ ।

२५. **<u>संशोधन सम्बन्धी व्यवस्था</u>** : यस कार्यविधिमा व्यवस्था गरिएका प्रावधानहरु संशोधन गर्नु परेमा निर्देशक समितिको सिफारिसमा पालिकाले गर्नेछ ।

२६. **<u>वाधा अडकाउ फुकाउन सक्ने</u>** : यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आइपरेमा पालिकाले वाधा अडकाउ फुकाउन आवश्यक निर्णय लिन सक्नेछ।

२७. **<u>खारेजी र बचाउ</u>** : यो कार्यविधि लागू हुनु भन्दा पूर्व स्वयंसेवा सम्बन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा १९ को उप दफा (१) सँग सम्बन्धित)

<u>स्वयम सेवकको निर्बाह भत्ता</u>

| क्रस | स्वयम सेवकको योग्यता | जिल्लाको बर्गिकरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | क बर्ग | ख बर्ग | ग बर्ग | घ बर्घ | ङ बर्ग | च बर्ग | | |
| ०१ | स्नातकोतर (प्राबिधिक) | | | | २०,४०० | | | | |
| ०२ | स्नातकोतर (अप्राबिधिक) | | | | २०,४०० | | | | |
| ०३ | स्नातक (प्राबिधिक) | | | | १९,८०० | | | | |
| ०४ | स्नातक (अप्राबिधिक) | | | | १८,६०० | | | | |
| ०५ | प्लस टु उतीर्ण (प्राबिधिक) | | | | १६,२०० | | | | |
| ०६ | प्लस टु (अप्राबिधिक) | | | | १५,६०० | | | | |
| ०७ | प्रबेशिका उतीर्ण (प्राबिधिक) | | | | १५,००० | | | | |
| ०८ | प्रबेशिका उतीर्ण (अप्राबिधिक) | | | | १४,४०० | | | | |
| ०९ | साधारण लेखपढ | | | | दैनिक रु५१७। | | | | |

जिल्लाको वर्गीकरण

घ वर्गमा पर्ने जिल्ला

१. बैतडी

द्रष्टव्य: उल्लिखित जिल्लाको वर्गीकरण राष्ट्रिय विकास स्वयं सेवक परिचालन कार्यविधि, २०७४ अनुसार गरिएको हो ।

डिलासैनी गाउँपालिका

अनुसूची -२

(दफा १९ को उप दफा (२) सँग सम्बन्धित)

<u>कार्यशर्तहरू</u>

(१) जनस्वास्थ्य तर्फका स्वयमसेवकको कार्यशर्तहरू

(क) पालिकाले तोके अनुसारको सम्बन्धित पालिकाको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) सम्बन्धित स्थानीय तहले तोके अनुसारको सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाहमा सहजिकरण गर्नुपर्ने छ,

(ग) स्थानीय स्तरमा स्वास्थ्य, सरसफाइ, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, महामारीको प्रतिरोध लगायत पालिकाद्धारा सञ्चालित स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धि प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, बिपद ब्यबस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(च) स्थानीय स्तरमा स्वयमसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयमसेवी भावनाको प्रबर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) आफू कार्यरत स्थानको अन्य स्वयमसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक आर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(झ) आफू कार्यरत पालिकाले तोकेको स्वयमसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,

(ञ) आफू खटिएको कार्यालयको पूर्व स्विकृति बेगर सेवा छाड्न पाइने छैन,

(ट) यसमा तोकिएको बाहेक पालिका निर्देशक समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ,

(२) पशुसेवा तर्फका स्वयमसेवका कार्यशर्त

(क) पालिकाले तोके अनुसारको सम्बन्धित पालिकाको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) सम्बन्धित स्थानीय तहले तोके अनुसारको सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाहमा सहजीकरण गर्नुपर्ने छ,

(ग) स्थानीय स्तरमा स्वास्थ्य, सरसफाइ, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, महामारीको प्रतिरोध लगायत पालिकाद्धारा सञ्चालित स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा पशु स्वास्थ्य सिविर, घुम्ती पशु स्वास्थ्य सेवा, पशु महामारीको प्रतिरोध लगायत पालिकाद्धारा सञ्चालित पशुस्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्नेछ,

(च) स्थानीय स्तरमा स्वयमसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयमसेवी भावनाको प्रबर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) आफू कार्यरत स्थानको अन्य स्वयमसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक अर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(झ) आफू कार्यरत पालिकाले तोकेको स्वयमसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,

(ञ) आफू खटिएको कार्यालयको पूर्व स्वीकृति बेगर सेवा छाड्न पाइने छैन,

(ट) यसमा तोकिएको बाहेक पालिका निर्देशक समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।

(३) कृषि बिकास तर्फका स्वयमसेवकको कार्यशर्त

(क) पालिकाले तोके अनुसारको सम्बन्धित स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) सम्बन्धित स्थानीय तहले तोके अनुसारको सेबा केन्द्रमा रही सम्बन्धित कार्यालयको ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाहमा सहजीकरण गर्नुपर्ने छ,

(ग) स्थानीय स्तरमा कृषि मेला, प्रदर्शनी, बिउ, बिषादि, मिनि किट बितरण कार्यक्रम, तरकारी, पोषण तालिम, भकारो तथा गोठ सुधार, कृषक समूह गठन जस्ता कार्यक्रमहरु संलग्न भई कार्य गर्नुपर्ने छ,

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धि प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यबस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(च) स्थानीय स्तरमा स्वयमसेवी क्रियाकलापहरुमा  सहभागी हुने र स्वयमसेवी भावनाको प्रबर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) आफू कार्यरत स्थानको  अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक अर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(झ) आफू कार्यरत पालिकाले तोकेको स्वयमसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,

(ञ) आफू खटिएको कार्यालयको पूर्व स्वीकृति बेगर सेवा छाड्न पाइने छैन,

(ट)  यसमा तोकिएको बाहेक पालिका निर्देशक समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ,

(४) सार्वजनिक निर्माण तर्फका स्वयमसेवकको कार्यशर्त

(क) पालिकाले तोके अनुसारको सम्बन्धित स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको  कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) सम्बन्धित स्थानीय तहले तोके अनुसारको सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाहमा सहजीकरण गर्नुपर्ने छ,

(ग) सम्बन्धित पालिकाले तोकेको सार्वजनिक निर्माण सम्बन्धी निकाय/परियोजना स्थलमा रही कार्यालयको ढाँचा अनुसार कार्य सम्पादन गर्नुपर्ने छ।

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धि प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ ,

(ङ) स्थानीय स्तरमा विपदमा क्षति भएका भौतिक संरचनाहरुको कारणले सिर्जित अवस्थामा नागरिकहरुको दैनिक-जनजिवनमा सहजीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने छ,

(च) स्थानीय स्तरमा स्वयमसेवी क्रियाकलापहरुमा  सहभागी हुने र स्वयमसेवी भावनाको प्रबर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) आफू कार्यरत स्थानको  अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक अर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(झ) आफू कार्यरत जिल्लामा प्रदेशले तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,

(ञ) आफू खटिएको कार्यालयको पूर्व स्वीकृति बेगर सेवा छाड्न पाइने छैन,

(ट) यसमा तोकिएको बाहेक प्रदेश निर्देशक समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।

(५) स्वयमसेवक संयोजकको कार्यशर्त

(क) स्वयंसेवकहरुको कार्य सम्पादनसँग सम्बन्धित तथ्याङ्क/अभिलेख अध्यावधिक गर्ने,

(ख) पालिकामा कार्यरत अन्य स्वयंसेवकहरुको कार्यको फिल्ड स्तरमा समन्वय गर्ने र पृष्ठपोषण लिने,

(ग) पालिकामा कार्यरत संपूर्ण स्वयंसेवकहरुद्धारा भए गरेका कार्यहरुको प्रगति विवरण संकलन गरी चौमासिक रुपमा खटिएको कार्यालय र मन्त्रालयमा पठाउने,

(घ) स्वयंसेवकलाई आवश्यक पर्ने प्रशासनिक कार्यमा सहजीकरण गर्ने,

(ङ) स्वयमसेवक परिचालन सम्बन्धमा वडास्तरमा कुनै समस्या पर्न गएमा तत्काल आफू कार्यरत कार्यालय प्रमुख र पालिकामा जानाकारी गराउने,

(च) स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाहको अवस्था र कार्यप्रगतिको मासिक रुपमा पालिकामा प्रतिवेदन पेश गर्ने,

(छ) पालिकाले उपलब्ध गराइएको ब्याग, फोल्डर तथा अन्य सूचनाहरु सुरक्षित एवं व्यबस्थित रुपमा राख्ने र आफू जिम्मेवारी मुक्त भएपछि यथोचित हस्तान्तरण गर्ने,

(ज) पालिकाले समय समयमा गरेका निर्देशन र अन्य आवश्यक कार्यहरु गर्ने,

(६) शिक्षा तर्फका स्वयमसेवहरुको कार्यशर्त

(क) पालिकाले तोके अनुसारको सम्बन्धित स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) स्थानीय स्तरमा शिक्षाको प्रचार प्रसार, शिक्षा सम्बन्धी जनचेतना जगाउने र भर्ना अभियान लगायत पालिकाद्धारा सञ्चालित स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(ग) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धि प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने छ,

(घ) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, बिपदमा शिक्षा जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(च) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(छ) आफू कार्यरत स्थानको अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक अर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(ज) आफू कार्यरत पालिकाले तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,

(झ) आफू खटिएको कार्यालयको पूर्व स्वीकृति बेगर सेवा छाड्न पाइने छैन,

(ञ) यसमा तोकिएको बाहेक पालिका निर्देशक समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।

डिलासैनी गाँउपालिका